# कोरोना कहरले बिदेशी नागरिकहरुको जनजीवनमा पारेको प्रभाव सँग सम्बन्धित् सर्बेक्षणको बारेमा

तोयोनाका सिटीमा ६,०७२ जना विदेशी नागरिकहरु बसोबास गर्छन् (जुन ३०, २०२१)।

| दक्षिण कोरिया/ उत्तर कोरिया | चीन | भियतना | फिलिपिन्स | भारत | अमेरिका | अन्य |
|---|---|---|---|---|---|---|
| 1,881 | 1,660 | 797 | 289 | 149 | 149 | 1,147 |

| स्थायी बासिन्दा | विशेष स्थायी निवासी | अध्ययन | इन्जिनियर/मानविकी विज्ञ/अन्तर्राष्ट्रिय सेवा | डिपेन्डेन्ट | अन्य |
|---|---|---|---|---|---|
| 1,651 | 1,437 | 516 | 472 | 418 | 1,578 |

तोयोनाका सिटी र तोयोनाका अन्तर्राष्ट्रिय केन्द्र (ATOMS：Association for Toyonaka Multicultural Symbiosis) द्वारा कोरोनाका कारण बिदेशी नगारिकहरुको जनजीवनमा के कस्तो प्रभाव पारेको छ र के कस्ता चुनौतीहरू छन् भन्ने बारेमा सर्वेक्षण गरिएको थियो। बिदेशी नगारिकहरुको बसोबासलाई सहज बनाउनको लागि, तोयोनाका सिटी र ATOMS ले के गर्दा ठिक हुन्छ भन्ने बारेमा बिचार बिमर्श गर्नको लागि प्रश्नावली सर्वेक्षण (जुलाई–अगस्ट २०२१) र इन्टरभ्यू सर्वेक्षण (अगस्ट–डिसेम्बर २०२१) गरेका थियौ।

## १. प्रश्नावली सर्वेक्षण

कोरोनाका कारण बिदेशी नगारिकहरुको जनजीवनमा के कस्तो प्रभाव पारेको छ र के कस्ता चुनौतीहरू छन् भन्ने बारेमा सर्वेक्षण गरिएको थियो। सर्वेक्षणका लागि अनुरोध गरिएका व्यक्तिहरू (१) तोयोनाका सिटीमा बसोबास गर्ने व्यक्तिहरू, (२) १८ वर्ष वा सोभन्दा माथिका उमेरका व्यक्तिहरू र (३) "विशेष स्थायी बासिन्दा" वा "स्थायी बासिन्दा" को भिषा बाहेकका व्यक्तिहरू थिए। कूल संख्या २,७०२ जना थिए।

★ तोयोनाका सिटीबाट हुलाक मार्फत प्रश्नावली पठाइएको थियो।

प्रश्नावलीको जवाफ दिने तीन तरिकाहरू थिए।
(१) इन्टरनेटमा रहेको प्रश्नावली पृष्ठबाट जवाफ दिने
(२) प्रश्नावली पत्रमा लेखेर र उत्तर दिने
(3) तोयोनाका अन्तर्राष्ट्रिय केन्द्रका कर्मचारीहरूलाई जवाफ दिने।


कूल 631 जना (२३.७%) बाट जवाफहरू प्राप्त भएका थिए।

### १. जापानी भाषाको क्षमताको बारेमा

"बोल्न" "सुन्न" "लेख्न" र "पढ्न" मध्ये धेरैजसो मानिसहरूले "लगभग सक्ने" भनेर बताए।
"लगभग सक्ने" मानिसहरु र "धेरै राम्रो संग सक्ने" को अनुपातलाई मिलाउने हो भने "सुन्न" ७३.२%, "बोल्न" ६८.७%, "पढ्न" ६३.४%, र "लेख्न" ५६.१% हुन आउँछ।

Q. तपाईलाई कत्तिको जापानी भाषा आउँछ? तलका "बोल्न" "सुन्न" "लेख्न" "पढ्न" भन्ने शीर्षकहरु प्रत्येकमा तपाई लाई सबैभन्दा


लागू हुने कुरा छनौट गर्नुहोस्। (सबै उत्तरदाताहरू n=631)




२. घर खर्चको बारेमा

२८.१% उत्तरदाताहरूले, "ठीकै छ (खासै अफ्ठ्यारो परेको छैन, चिन्ता लिएको छैन)" भनेर जवाफ दिएका थिए। "सामान्य" भन्ने मानिसहरू २७.३%, "ठीक छ (कत्तिपनि अफ्ठ्यारो परेको छैन, कत्तिपनि चिन्ता लिएको छैन)" भन्ने २४.४%, "अलिकति अफ्ठ्यारो परेको छ" भन्ने १७.०%, र "एकदमै अफ्ठ्यारो परेको छ" भन्ने ३.०% थियो।


Q. हाल, घरखर्च चलाउनको लागी आर्थिकरुपमा केहि समस्या परेको त छैन? (सबै उत्तरदाताहरू n=631)




३. कोरोनाका कारण काममा आएको परिवर्तनको बारेमा

काम गर्नेहरु मानिसहरु मध्ये ५५.४% मा कोरोनाका कारण परिवर्तन आएको पाईयो। "①काम गर्ने दिन र ओभरटाइमको संख्या घटेको, र काम घटेर अफ्ठ्यारो परेको" भन्ने मानिसहरू ३५.७%, "⑥रिमोट-वर्क गर्न मन थियो, तर मिलेन" भन्ने मानिसहरु १०.३%, "②बिदा लिन चाहन्थे तर नमिलेर अफ्ठ्यारो परेको" भन्ने मानिसहरु ७.२% थिए।


Q. कोरोना लाग्ने व्यक्तिहरुको संख्या वृद्धि भए सँगै (फेब्रुअरी, २०२० देखि), तलका मध्ये हालको कामको बारेमा तपाईलाई लागू हुने कुराहरु छन्? (जतिवटा उत्तर छनौट गरेपनि हुन्छ)  काम गर्ने मान्छे (n=446) (%)




४. कोरोनाका कारण आम्दानीमा आएको परिवर्तनको बारेमा

४८.८% ले कोरोना फैलिए पनि आम्दानीमा कुनै "परिवर्तन" नआएको, ३१.२% ले "अलिकति घटेको", १४.४% ले "एकदमै घटेको", ४.३% ले आफ्नो आम्दानी "थोरै बढेको", र १.०% मानिसहरू थिए जस्ले "एकदमै बढेको" भनेर बताएका थिए ।


Q. कोरोना लाग्ने व्यक्तिहरुको संख्या वृद्धि भए सँगै (फेब्रुअरी, २०२० देखि),तपाईं या तपाईको परिवारको तलब परिवर्तन भयो ? (सबै उत्तरदाताहरू n=631)




५. कोरोनाका कारण परिवर्तन (भेदभाव) को बारेमा

कोरोना फैलिएसँगै ४०.३% मानिसले केही परिवर्तन भएको बताएका छन् ।
"①विदेशीहरू प्रति पूर्वाग्रह/भेदभावका शब्दहरू सुनेको र वाक्यहरू देखेको" भन्ने मानिसहरु २७.१%, "③ विदेशी भएकै कारण आँखा तरेर हेरिएको थियो" भन्नेहरु १६.०%, र ८.९% ले "④ भेदभाव हुन सक्ने भएकाले, खासै बाहिर गईन" भनेर बताएका थिए।


Q. कोरोना लाग्ने व्यक्तिहरुको संख्या वृद्धि भए सँगै (फेब्रुअरी, २०२० देखि), तलका मध्ये तपाई या तपाईको परिवारलाई लागू हुने कुराहरु छन्?
"भेदभावको बारेमा" (जतिवटा उत्तर छनौट गरेपनि हुन्छ)　　सबै उत्तरदाताहरू（n=631）(%)





६. बालबच्चाको पालनपोषणको चिन्ता र बोझको बारेमा

हामीले १८ वर्ष भन्दा मुनिका बच्चाहरु संगै बस्ने मानिसहरूलाई बालबच्चाको पालनपोषणको चिन्ता र बच्चा हुर्काउने बोझको बारेमा सोधेका थियौ।
१५. १% उत्तरदाताहरू "एकदमै चिन्ता/ बोझ महशुस हुने" र २९. ६% ले "दुईवटा मध्ये एउटा भन्ने परे, चिन्ता/ बोझ महशुस हुने" भनेर उत्तर दिएका थिए।
लगभग ४४. ७% मानिसहरूले बच्चाको पालनपोषणको बारेमा चिन्ता र बच्चाहरू हुर्काउने कुरामा बोझ महशुस हुने बताएका छन्।
कोरोनाका कारणले चिन्ता र बोझ "अत्यन्तै बढेको" भन्ने मानिसहरु १८. २%, "थोरै बढेको" भन्नेहरु ३९. ६% थिए ।
५७. ८% मानिसहरुले आफ्नो चिन्ता र बोझ बढेको बताए।

Q. के तपाईलाई बच्चा हुर्काउदै गर्दा, चिन्ता भयो, गार्हो भयो, पीडा भयो, बोझिलो भयो भन्ने महसुस भएको छ? कोरोना लाग्ने व्यक्तिहरुको संख्या वृद्धि भए सँगै (फेब्रुअरी, २०२० देखि), तपाईलाई बच्चा हुर्काउदै गर्दा, चिन्ता भयो, गार्हो भयो, पीडा भयो, बोझिलो भयो भन्ने भावनामा के-कस्तो परिवर्तन भयो?（18 वर्ष मुनिका बच्चाहरु संग मान्छे　n=159）




## ७. SNS (सामजिक संजाल)को उपयोग स्थितिको बारेमा

PC या स्मार्टफोन प्रयोगकर्ताहरुलाई उनीहरुले प्राय: चलाउने SNS को बारेमा सोधिएको थियो।
सबैभन्दा बढि चलाउनेमा "LINE" (६६.५%) थियो।
त्यसपछि, "Facebook" (५५.३%) थियो। "Instagram" ३७.७% थियो भने "WeChat" ३२.७% थियो।


Q. तपाईले प्राय चलाउने सामाजिक संजाल (SNS) कुन हो? (जतिवटा उत्तर छनौट गरेपनि हुन्छ) जोसँग सूचना र सञ्चारका साधन छन् (n=618) (%)




## ८. चिन्ता लागेको कुरा या मन दोमन भएको बेलामा परामर्श गर्ने बारेमा

अधिकांश मानिसहरूले "परिवार या आफन्तहरू" सँग परामर्श गर्ने पाईयो। यो ६६.९% थियो।
त्यसपछि, ४१.७% ले "विदेशी (एउटै देशका) साथीभाई या चिनेजानेका मानिसहरू" सँग परामर्श गरेको पाईयो।
"जापानी साथीहरू या चिनेका मानिसहरू" सँग ३२.८% ले, "काम गर्ने अफिसका सहकर्मी या बोसहरू" सँग २२.५%, र "विदेशी (भिन्न देशका) साथीहरू या चिनेका मानिसहरू" सँग परामर्श गर्ने मानिसहरु १३.५% थिए।
९.२% ले "कसैसँग पनि परामर्श नगरेको" बताए।


Q. कोरोना लाग्ने व्यक्तिहरुको संख्या वृद्धि भए सँगै (फेब्रुअरी, २०२० देखि), चिन्ता लागेको वा मनमा कुरा खेलेको बेलामा को सँग परामर्श गर्नुभयो? (जतिवटा उत्तर छनौट गरेपनि हुन्छ) सबै उत्तरदाताहरू (n=631) (%)



९. सरकारी सहयोग प्राप्त गरेको या नगरेको भन्ने बारेमा

विशेष निश्चित–राशि लाभ (तोकुबेचु तेइगाकु क्यूफुकिन: सरकारद्वारा प्रत्येक बासिन्दालाई बितरण गरिएको पैसा (प्रति व्यक्ति १ लाख येन)) लाई ६४.७% मानिसहरुले "प्राप्त गरेको" भनेर बताए।
अन्य सरकारी सहयोगको बारेमा "थाहा भएन" भन्ने मानिसहरु ५०% भन्दा बढी थिए।
अन्य सरकारी सहयोग प्राप्त गर्ने मानिसहरु ५% भन्दा कम भेटिए।


Q. कोरोना लाग्ने व्यक्तिहरुको संख्या वृद्धि भए सँगै (फेब्रुअरी, २०२० देखि), तपाईले निम्न सरकारी सहयोगहरु प्रयोग गर्नु भयो? (सबै उत्तरदाताहरू n=631)




१०. सिटी वा अन्तर्राष्ट्रिय केन्द्रद्वारा प्रदान गरिदै आएका सेवा-सुबिधाहरूको बारेमा थाहा छ कि छैन भन्ने बारेमा

"प्रयोग गरेको छ" भन्ने र "थाहा छ तर प्रयोग गरेको छैन" भन्ने मानिसहरुलाई कुल मिलाउदा, ४६.१% ले "(२) अन्तर्राष्ट्रिय केन्द्रको बहुभाषिक परामर्श" को बारेमा थाहा छ भनेर बताएका थिए।
त्यसरिन नै, ४४.३% उत्तरदाताहरूलाई "(१) सिटी अफिसको प्रशासनिक प्रक्रियाहरूको परामर्श" र ४४.२% लाई "(३) अन्तर्राष्ट्रिय केन्द्रको जापानी भाषा कक्षा" को बारेमा थाहा छ भनेर बताएका थिए।

Q. के तपाईलाई तोयोनाका सिटी अफिस, तोयोनाका अन्तर्राष्ट्रिय केन्द्रको सेवाको बारेमा थाहा छ? (सबै उत्तरदाताहरू n=631)




## २. इन्टरभ्यू सर्वेक्षण

★ तोयोनाका सिटीमा बसोबास गर्ने १८ वर्ष भन्दा माथिका उमेरका विदेशी नागरिकहरू (५७ जना), तोयोनाका सिटी प्रशासनिक परामर्श सल्लाहकारहरू (४ जना), तोयोनाका अन्तर्राष्ट्रिय केन्द्रका परामर्श सल्लाहकारहरू (२ जना), तोयोनाका अन्तर्राष्ट्रिय केन्द्रका बहुभाषिक परामर्श सल्लाहकारहरू (७ जना) सँग इन्टरभ्यू लिएका थियौं।

★ कोरोनाको फैलावट रोक्नको लागि, धेरै देशहरूले प्रवेश तथा बाहिर जान प्रतिबन्ध लगाएका थिए।
आफ्नो देश फर्कन नसकेका, जापान पुनः प्रवेश गर्न नसकेका मानिसहरु पनि धेरै थिए।
यसले अत्यन्तै ठुलो प्रभाव पार्यो।

★ धेरै मानिसहरुले टिभी या इन्टरनेट जस्ता मिडियाबाट कोरोना सम्बन्धि जानकारी, आर्थिक सहयोग तथा लाभको बारेमा जानकारी प्राप्त गरेका थिए।
साथै, धेरै मानिसहरुले परिवार या साथीभाई, काम गर्ने अफिसका बोस तथा सहकर्मीहरूबाट पनि जानकारी प्राप्त गरे।
तोयोनाका सिटी या तोयोनाका अन्तर्राष्ट्रिय केन्द्रले पनि धेरै भाषाहरूमा धेरै जानकारी प्रदान गरेको थियो।
धेरै भाषाहरूमा कैयन पटक जानकारीहरु प्रदान गरेको हुनाले, तोयोनाका सिटी या तोयोनाका अन्तर्राष्ट्रिय केन्द्रसँग नजिक भएको महसुस भएको र राहत पाएको आभास भएको भन्ने प्रतिक्रिया पनि आएको थियो ।

★ यद्यपि, त्यहाँ केहि त्यस्ता व्यक्तिहरू पनि थिए, जस्लाई आफूसँग सम्बन्धित् जानकारी, सरकारी सहयोग कसरि प्राप्त गर्ने भन्ने पनि थाहा नभएर, अफ्ठ्यारो परेको थियो।

★कोरोना फैलनुअघि, विदेशीहरु बिच जमघट हुने धेरै अवसर थिए तर कोरोनाले गर्दा जमघट हुने मौका पनि कम भएको थियो।
यसरी जमघट हुने मौका कम भएकाले जानकारी पाउन नसकेको बताए ।

★ सरकारी सहयोगको बारेमा जानकारी प्राप्त भएको, तर सहयोग लिएमा भिषाको नविकरण या प्राकृतिककरण गर्दा नकारात्मक प्रभाव पार्ने त होईन भनेर चिन्ता लिने मानिसहरु पनि थिए। कतिपयले वास्तवमै सहयोग पाएका छैनन्।

★ विदेशी नागरिकहरू जापानमा बसोबास गर्ने क्रममा, भाषा या संस्कृति र चलनचल्तिका भिन्नताका कारण धैरै चिन्ता र बोझहरू हुन्छन्। कोरोना भन्दा पहिल्यैबाट धेरै चिन्ता र बोझ छदैथियो, झन "कोरोनाले चिन्ता र बोझ बढेको छ" "आफू विदेशी भएकोले चिन्तित छु" भन्ने धेरै मानिसहरु थिए। केहीले भने कोरोना कहरमा जापानी मानिसहरूसँगको भेटघाट घटेकाले राहात भयो भनेर बताएका थिए।

## ३. तोयोनाका अन्तर्राष्ट्रिय केन्द्रको सहयोगको बारेमा

तोयोनाका अन्तर्राष्ट्रिय केन्द्रमा, यस क्षेत्रमा बसोबास गर्ने विदेशी नागरिकहरूको लागि धेरै कार्यक्रमहरू तयार पारिएका छन्। बहुभाषिक परामर्श सेवा, बाल तथा युवाका लागि आफ्नो पहिचान बनाउने स्थान र अध्ययन सहयोग, र जापानी भाषा कक्षाहरू छन्।

कृपया वेबसाइट, Facebook तथा LINE मा हाम्रो जानकारी लिनुहोला ।

〈सम्पादन / प्रकाशन〉
तोयोनाका सिटी मानव अधिकार तथा नीति शाखा
〒५६१-८५०१ तोयोनाका-सि, नाकासाकुराजुका ३-१-१
टेलिफोन ०६-६८५८-२६५४ / फ्याक्स ०६-६८४६-६००३
इमेलः jkokusai@city.toyonaka.osaka.jp

तोयोनाका अन्तर्राष्ट्रिय केन्द्र
〒५६०-००२६ तोयोनाका-सि, तामाइ-च्यो १-१-१- (एतोरे तोयोनाका छैठौ तला)
टेलिफोन ०६-६८४३-४३४३ / फ्याक्स ०६-६८४३-४३७५
इमेलः atoms@a.zaq.jp